# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
५ नं. प्रदेश, नेपाल ।
☎ ०७९-४१०१०४


च.नं. : ५५६
प.सं. :०७६/०७७

मिति २०७६।०८।१०

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
५ नं. प्रदेश, नेपाल

विषय- सूचना प्रकाशन गरिएको ।

यस कार्यालयको मिति २०७६ मंसिर १० गतेको निर्णयअनुसार आ.व. २०७६/०७७ को लागि यस गाउँपालिका क्षेत्र भित्र कवाडी मालसमान संकलन, भण्डारण र विक्री वितरण गर्नको लागि तपसिल अनुसारका शर्तमा कार्य गर्न इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र पछि फिर्ता नहुने गरि रु.५००/-(अक्षरुपी पाँच सय मात्र) यस कार्यालयमा तिरेको रसिद, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित आफूले कवोल गरेको रकम समेतको दरभाउ पत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

१.कवाडी मालसमान संकलन, भण्डारण र विक्री वितरणको लागि अग्रिम आय कर र मू.अ.कर वाहेक न्यूनतम रु. २,००,०००/- (अक्षरुपी दुई लाख रुपैया) मा नघट्ने गरि वढिवढाउमा दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

२. दरभाउ पत्रमा अनिवार्यरुपमा फर्म वा कम्पनीको छाप र आधिकारीक दस्तखत समेत गरेको हुनुपर्ने छ ।

३. कवोल रकम अंक र अक्षरमा प्रष्टसँग लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

४. दरभाउ पत्रमा केरमेट भएमा उक्त स्थानमा अनिवार्य दस्तखत गर्नुपर्ने छ ।

५. धरौटी रकम रु. ६,०००/- (अक्षरुपी छ हजार मात्र) यस कार्यालयको मेघा वैंक बलेटक्सारमा रहेको धरौटी खाता नं. ०४९००१००३६५१६ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विडवण्डको सक्कल प्रति) संलग्न गरी पेश गर्नुपर्ने छ ।

६.दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

७. थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०७९-४१०१०४ मा सम्पर्क गर्न सकिने छ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत